# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


पत्र संख्या : ०८१/८२
सूचना नं. : ०४

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०५/२३ (ने.सं. ११४४ ञलाथ्व ५ आइतवार)

यस सिद्धिचरण नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने सम्भावित कामदार, उनीहरुका परिवारका सदस्यहरु र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा प्रवाह तथा सूचना र न्यायमा पहुँच, वित्तिय साक्षरता, सीपमूलक तालिम समेतको सूचना प्रवाहका लागि तपसिलका पदहरुको लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। सिद्धिचरण नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको रसिद तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र यस सिद्धिचरण नगरपालिका समक्ष पेश गर्नुपर्ने छ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटो विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयम् हुनु पर्नेछ।

### तपसिल

१. विज्ञापन नं., पद, तह, किसिम र माग संख्याः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | किसिम | माग संख्या |
|---|---|---|---|---|---|
| १. | ३/२०८१/८२ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ सरह | खुला | १ |
| २. | ४/२०८१/८२ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | पाँचौ सरह | खुला | १ |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

**मनोसामाजिक परामर्शकर्ता**

**(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिसटेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ उतिर्ण गरेको ।**

**(ख) मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलेलाई विशेष प्राथमिकता दिईनेछ ।**

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

पत्र संख्या : ०८१/८२
सूचना नं. :

(ग) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।
(घ) प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।

**आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको।
(ख) स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ।
(ग) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।
(घ) प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।

४. विशेष प्राथमिकताः योग्यता र अनुभवप्राप्त दलित र अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिइने।

५. मासिक तलव सुविधा तथा अन्य सेवा शर्तः ,स्थानीय तहको प्रचलित नियम बमोजिमको पाँचौं तहको सुरु तलव स्केल र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

६. उम्मेद्वारको उमेर
(क) महिलाको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८१/०६/०६) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।
(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८१/०६/०६) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

७. उम्मेद्वारको छनोट विधि
(क) दरखास्त साथ पेश गरेको शैक्षिक प्रमाणपत्र, अनुभव लगायतका कागजातको अध्ययनका आधारमा संक्षिप्त सूची प्रकाशन,
(ख) संक्षिप्त सूचीमा उल्लिखित उम्मेद्वारसँग लिखित परिक्षा, प्रत्यक्ष अन्तर्वार्ता तथा दरखास्तसाथ पेश गरेको शैक्षिक प्रमाणपत्र, अनुभव लगायतका कागजातको मूल्याङ्कन।

८. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः सिद्धिचरण नगरपालिलकाको वेबसाइटबाट दरखास्त फाराम डाउनलोड गरी उक्त फाराम भरी शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरू आफैले प्रमाणित गरी दरखास्त फारामसाथ नगरपालिकामा बुझाउनु पर्ने।

९. परीक्षा दस्तुरः रू. ४००।- (चार सय रूपैयाँ मात्र।)

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


पत्र संख्या : ०८१/८२

सूचना नं. :

१०. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः यस कार्यालयको राजस्व शाखामा नगद बुझाएको सक्कल रसिद दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

११. दरखास्त फाराम भर्ने मितिः मिति २०८१/०५/२३ देखी २०८१/०६/०६ सम्म।

१२. लिखित परिक्षा, प्रयोगात्मक परिक्षा, तथा अन्तर्वार्ता सञ्चालन हुने मिति, समय र स्थानः संक्षिप्त सूचीमा परेका उम्मेद्वारहरूलाई टेलिफोन गरी जानकारी गराइने छ। साथै यस नगरपालिकाको वेव साइटमा राखी सूचनापाटीमा समेत टाँस गरिने छ।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्वन्धमा दरखास्त वुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सिफारिस समितिलाई हुनेछ।

१५. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्वन्धमा यस कार्यालयको टेलिफोन नं ०३७ ५२०२१३ र मोवाइल नं. ९८४९९१८२०८ मा सम्पर्क गरी बुझ्न सकिने छ।

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत